कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र सं २०८१-०८२
च नं

मिति २०८१/८/१७

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**कुश्मा नगरपालिकाको नगर प्रमुख रोजगार कार्यक्रमका लागि आयोजना पेश गर्ने सम्वन्धी सुचना।**

कुश्मा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कुश्मा नगरपालिका भित्रका बेरोजगार युवाहरूलाई स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा आय आर्जनका कृयाकलाप सञ्चालन गरी सामुदायिक पूर्वाधार निर्माण, कृषि, अध्ययन अनुसन्धान लगायतका व्यवस्था गरेका अन्य क्षेत्रहरूमा संलग्न गराई बेरोजगारी र शैक्षिक बेरोजगारीको समेत समस्या समाधनमा योगदान पुर्याउन नगर प्रमुख रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत देहाएका क्षेत्रमा आयोजना सञ्चालन गरिने हुँदा इच्छुक समूहले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहायको प्रक्रिया पूरा गरी आयोजना माग गर्नुहुन कुश्मा नगरपालिकाको नगर प्रमुख रोजगार कार्यक्रम सञ्चालन कार्यविधिको दफा ४ को उपदफा १ बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

**आयोजनाका क्षेत्रहरु**

- रोजगारी सिर्जना गर्ने दिगो उत्पादनमा आधारित सामुहिक र एकीकृत खेती।
- जलचक्र, खानेपानी संरक्षण तथा व्यवस्थापन गरी रोजगारी सिर्जना हुने कार्यक्रमहरू।
- जल, वायु, तापक्रम, मानव उत्पन्न प्रकोप व्यवस्थापन तथा न्यूनिकरणका क्षेत्र।
- ताल तलैया, जलाशय निर्माण तथा रिचार्ज पोखरी मर्मत तथा संरक्षणका क्षेत्र।
- खेलकुद प्रवद्धन, पूर्वाधार निर्माण ।
- शिक्षा, तालिम, जनचेतनामुलक अभियानहरू।
- रोजगारमुलक कृषि तथा पशुपालन।
- वृक्षारोपण तथा पर्यावरण संरक्षण मा आधारित कृषि वन विकास।
- अध्ययन, अनुसन्धान, र रणनैतिक संचार एवं पर्यटन पर्वद्धन।
- पूर्वाधार निर्माण, मर्मत तथा संभार।
- वातावरण संरक्षण र जलवायू परिवर्तन अनुकूलन सम्वन्धी कार्यक्रमहरू।
- बैदेशिक रोजगारीबाट फर्केका युवा समुहहरूका नवीन योजनाहरू।

**आयोजना माग गर्दा अपनाउनु पर्ने प्रक्रिया:**

(घ) नगर प्रमुख रोजगार कार्यक्रम कार्यन्बयन कार्यविधि, २०८१ को अनुसूची-२ बमोजिमको ढाँचामा आयोजना माग गर्नु पर्नेछ।(ढाँचा कुश्मा नगरपालिकाको वेवसाइटमा र रोजगार सेवा केन्द्र कुश्मामा उपलव्ध छ)

(ङ) आयोजना माग गर्दा कम्तीमा एकाघर बाहेकका सातजना उपभोक्ताको समूह बनाई माग गर्नुपर्नेछ। एक समूहमा आवद्ध भएको व्यक्तिले अर्को समूहमा आवद्ध भई आयोजना माग गर्न पाउने छैन।

(च) आयोजना मिति २०८१/९/२ गते अपरान्ह पाँच बजेभित्र माग गरिसक्नु पर्नेछ, म्याद नाघी पेश हुन आएका माग उपर कुनै कारबाही हुने छैन।

**आयोजना पेश गर्ने विधि:**

आयोजनाको विवरण सहित कार्यक्रम कार्यान्वयन गर्ने शाखामा पेश गरी वा kushmamun@gmail.com इमेल मार्फत पनि आयोजना पेश गर्न सकिनेछ।

थप जानकारीका लागी सम्पर्क: रोजगार सेवा केन्द्र कुश्मा, रोजगार संयोजक ९८६०९४५६७४, प्राविधिक सहायक ९८४६९४२४८०

अमृत सुवेदी
रोजगार संयोजक

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत